# गैडहवा गाउँपालिकाद्वारा प्रकाशित

# स्थानीय राजपत्र

खण्ड १०) रुपन्देही, असार महिना २६ गते, २०८३ साल (संख्या २)

## भाग २

## गैडहवा गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

## विष्णुपुरा, रुपन्देही, लुम्बिनी प्रदेश, नेपालको

## सूचना

गैडहवा गाउँपालिकाको गाउँ सभाले बनाएको तल लेखिए बमोजिमको "**गैडहवा गाउँपालिकाको मर्मत सम्भार कोष संचालन कार्यविधि, २०८३**" स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

**संवत् २०८३ कार्यविधि नं. २**

# गैडहवा गाउँपालिकाको मर्मत सम्भार कोष संचालन कार्यविधि, २०८३

## गाउँ सभाबाट स्वीकृत मितिः २०८३/०३/१०

**प्रस्तावनाः** पूर्वाधार मर्मत सम्भार गर्दा आवश्यक स्रोत परिचालन, प्रभावकारी विनियोजन, उत्तरदायित्व निर्धारण तथा समन्वयको अभावमा अत्यावश्यक सेवा र सार्वजनिक सुविधाहरूको समयमै पुनर्स्थापना हुनमा बाधा पुगेकाले गाउँपालिकाको क्षेत्रभित्रका पूर्वाधारको मर्मतसम्भार र सुधारलाई नियमित गर्न छुट्टै कार्यविधि वाञ्छनीय भएकाले, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी गैडहवा गाउँपालिकाको कार्यपालिकाले यो कार्यविधि बनाएको छ ।

## परिच्छेद - १
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "गैडहवा गाउँपालिकाको मर्मत सम्भार कोष संचालन कार्यविधि, २०८३" रहेको छ।

(२) यो कार्यविधि पालिकाको राजपत्रमा प्रकाशित भएको मिति देखि तुरुन्त लागू हुनेछ ।

**२. परिभाषाः** विषय र प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) 'अध्यक्ष' भन्नाले गाउँपालिकाको कार्यपालिकाको अध्यक्ष सम्झनुपर्दछ ।

(ख) 'उपाध्यक्ष' भन्नाले गाउँपालिकाको कार्यपालिकाको उपाध्यक्ष सम्झनुपर्दछ ।

(ग) 'कार्यविधि' भन्नाले 'गैडहवा गाउँपालिका मर्मत सम्भार कोष संचालन कार्यविधि, २०८३' लाई बुझाउनेछ।

(घ) 'कोष' भन्नाले गैडहवा गाउँपालिकाको मर्मत सम्भार कोष सम्झनुपर्दछ।

(ङ) 'गाउँपालिका' भन्नाले गैडहवा गाउँपालिकालाई बुझाउनेछ।

(च) 'भौतिक पूर्वाधार' भन्नाले सडक, ढल, सडकपेटी, पुल, पुलेसा, नहर, कुलो, सार्वजनिक उद्यान, पार्क, ल्याण्डफिल्ड साइट, खेलमैदान, सार्वजनिक जमिन, सार्वजनिक शौचालय, सांस्कृतिक सम्पदाहरु, सामुदायिक तथा सार्वजनिक भवन आदिलाई सम्झनुपर्दछ।

(छ) 'समिति' भन्नाले दफा ६ बमोजिमको समिति सम्झनुपर्दछ।

**३. उद्देश्यः** यो कार्यविधिको उद्देश्य निम्नअनुसार रहेको छ:

(क) गाउँपालिकाको क्षेत्रभित्र रहेका सार्वजनिक पूर्वाधार एवम् सम्पत्तिहरुको समयमै मर्मत सम्भार गरी ठीक दुरुस्त राख्ने ।

(ख) भौतिक पूर्वाधारहरु दिगो रुपमा सञ्चालन भइरहने अवस्थाको सिर्जना गर्ने ।

(ग) समयमै मर्मत सम्भार गर्दा थप जन, धन र संरचनाको नोक्सानी हुनबाट जोगाउने ।

## परिच्छेद - २

## कोष स्थापना, सञ्चालन र प्रयोग

**४. मर्मत सम्भार कोष स्थापनाः**

(१) गैडहवा  गाउँपालिका क्षेत्रभित्रका सार्वजनिक तथा सामुदायिक पूर्वाधार एवम् सम्पत्तिको नियमित मर्मत सम्भार गरी संरक्षण एवम् संवर्द्धन गर्न मर्मत सम्भार कोषको नामले एउटा छुट्टै कोषको स्थापना गरिनेछ ।

(२) कोषमा देहाय बमोजिमको रकम जम्मा गरिनेछ:

क. नेपाल सरकारबाट प्राप्त अनुदान रकम ।

ख. प्रदेश सरकारबाट प्राप्त हुने रकम ।

ग. आन्तरिक स्रोतहरुबाट प्राप्त हुने रकम ।

घ. कोषको मौज्दात रकममा प्राप्त ब्याज तथा मुनाफा बापतको रकम।

ङ. पालिकाले तोके बमोजिमको अन्य रकम।

(३) कोषको रकम कार्यपालिकाले तोकेको बैङ्क खातामा जम्मा गरिनेछ। उक्त कोषमा जम्मा भएको रकम यसै कार्यविधि बमोजिम खर्च गरिनेछ।

(४) मर्मत सम्भार कोषको खाता प्रमुख प्रशासकीय अधिकृत र लेखा प्रमुखको संयुक्त दस्तखतबाट सञ्चालन हुनेछ।

**५. खर्च गर्ने कार्यक्षेत्रः** मर्मत सम्भार कोषबाट देहाय बमोजिमका क्षेत्रहरुमा खर्च गर्न सकिनेछ:

क. ढल मर्मत सम्भार, ह्युम पाइप खरिद तथा मर्मत कार्य।

ख. वडा कार्यालय वा सार्वजनिक र सामुदायिक भवनहरु मर्मत कार्य।

ग. खानेपानी मुहान, पाइप तथा धारा मर्मत कार्य।

घ. नाली सरसफाई तथा मर्मत कार्य।

ङ. विद्युत लाईन मर्मत तथा भाँचिएका पोल मर्मत कार्य।

च. सडकका खाल्डा खुल्डी पुर्ने तथा मर्मत सम्भार गर्ने कार्य।

छ. तटबन्ध, बाँध मर्मत तथा ग्याबिन जाली लगाउने कार्य।

ज. सामुदायिक विद्यालय/स्वास्थ्य केन्द्रहरुमा आकस्मिक भइपरी

आउने मर्मत कार्य।

झ. पुल मर्मत सम्भार कार्य।

ञ. वडा भित्र हुने भइपरी आउने आकस्मिक/भइपरी आउने साना-साना मर्मत कार्यहरु।

ट. मठ/मन्दिर/गुम्बा/चर्च/मस्जिद इत्यादि धार्मिक सम्पदाहरुको मर्मत सम्भार कार्य।

ठ. पालिकाले तोके बमोजिमका मर्मत सम्भार सम्बन्धी अन्य कार्यहरु।

## परिच्छेद - ३
## समितिको गठन तथा काम, कर्तव्य र अधिकार

**६. मर्मत सम्भार कोष सञ्चालन र व्यवस्थापन समितिः**

(१) गाउँपालिकाको मर्मत सम्भार कोष सञ्चालन र व्यवस्थापनका लागि एक कोष सञ्चालन र व्यवस्थापन समिति रहनेछ।

(२) उपदफा (१) बमोजिमको समिति देहाय बमोजिम गठन हुनेछः

| क्र.सं. | पद / निकाय | समितिमा पद |
|---|---|---|
| १ | अध्यक्ष | संयोजक |
| २ | उपाध्यक्ष | सदस्य |
| ३ | प्रमुख प्रशासकीय | सदस्य |

| | | |
|---|---|---|
| | अधिकृत | |
| ४ | आर्थिक प्रशासन शाखा प्रमुख | सदस्य |
| ५ | योजना अनुगमन शाखा | सदस्य सचिव |

(३) समितिको बैठक संयोजकले तोकेको समयमा आवश्यकता अनुसार बस्नेछ ।

(४) संयोजकले आवश्यक ठानेमा कार्यपालिका सदस्य, विज्ञ कर्मचारी तथा अन्य व्यक्तिहरुलाई बैठकमा आमन्त्रण गर्न सकिनेछ ।

(५) संयोजक तथा सदस्यहरुले बैठकमा भाग लिएबापत पालिकाले तोके बमोजिम भत्ता पाउनेछन् ।

**७. मर्मत सम्भार कोष व्यवस्थापन समितिको काम कर्तव्य र अधिकारः** समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(१) मर्मत सम्भार गर्नुपर्ने योजना तथा कार्यक्रम छनौट गरी बजेट विनियोजनका लागि सिफारिस गर्ने ।

(२) गाउँपालिकाभित्रका सार्वजनिक तथा सामुदायिक पूर्वाधार एवम् सम्पत्तिको संरक्षण संवर्द्धन तथा नियमित मर्मत सम्भारका लागि

व्यवस्था मिलाउने ।

(३) गाउँपालिकाको भौतिक पूर्वाधारको मर्मत सम्भारका कार्यक्रमहरु योजनाबद्ध रुपमा अघि बढाउन सम्बद्ध सबै निकायहरुसँग समन्वय गर्ने ।

(४) मर्मत सम्भार कोषमा रकम जुटाउनको लागि श्रोत साधनको खोजि गर्ने ।

(५) सडक, ढल, खानेपानी, सिंचाई, पुल, कल्भर्ट, तटवन्ध, भवन, सम्पदा लगायतका क्षेत्रहरुको नियमित, पटके, आवधिक वा आकस्मिक मर्मत सम्भार तथा स्तरोन्नतीसँग सम्बन्धीत व्यवस्थापकीय कार्यहरु गर्ने ।

(६) मर्मत सम्भारलाई दिगो र भरपर्दो बनाउने उपायहरुको खोजी गर्ने ।

(७) मर्मत सम्भार गर्दा लाग्ने खर्चमा न्युनिकरण गर्न तत्सम्बन्धी कार्ययोजना बनाउने ।

(८) कोषको आर्थिक लेखा प्रणाली एवम् प्रशासनिक कार्यहरुको निरीक्षण गर्ने तथा सो सम्बन्धमा आवश्यक निर्णयहरु गर्ने ।

(९) मर्मत सम्भारका लागि पालिकामा नागरिक तथा वडा स्तरबाट आएका निवेदन तथा सिफारिसलाई विचार गरी सो मध्ये मर्मत सम्भारका लागि प्राथमिकताका क्षेत्र निर्धारण गर्ने तथा आवश्यकता

अनुसार आकस्मिक वा मोबाइल मर्मत टोली गठन गरी काम जिम्मेवारी तोकी मर्मत सम्भारको कार्यलाई छिटो, छरितो र प्रभावकारी बनाउने।

(१०) आवश्यकता अनुसार सार्वजनिक सामुदायिक सम्पत्तिको निरीक्षण गर्ने तथा सो सम्बन्धमा आवश्यक निर्णयहरु गर्ने।

## परिच्छेद - ४
## कोष सञ्चालन प्रक्रिया र प्राथमिकता

**८. कोष सञ्चालन प्रक्रियाः**

**(१) नियमित मर्मत सम्भारः**

(क) सम्बन्धित शाखाले पालिका क्षेत्रभित्रका सार्वजनिक पूर्वाधारतर्फ मर्मत सम्भार गर्नुपर्ने कामको विवरण सङ्कलन गरी समिति समक्ष पेश गर्नेछ।

(ख) शाखाबाट तयार भई पेश भएको मर्मत सम्भार कार्यक्रम वा योजना समितिको स्वीकृतिमा कोषबाट मर्मत सम्भार गर्न सकिनेछ।

(ग) खण्ड (ख) बमोजिम स्वीकृति दिने क्रममा मर्मत सम्भार कार्यक्रम वा योजनाको प्राथमिकता देहायको आधारमा निर्धारण गरी छनौट गर्नुपर्नेछ:

१) भौतिक संरचनामा पुगेको क्षतिको मात्रा।

२) भौतिक संरचना तथा पूर्वाधारको महत्व।

३) लाभान्वित हुने जनसंख्या वा घरधूरी।

४) मर्मत सम्भारबाट हुने लाभ।

५) संरचनाको दीर्घकालीन उपयोगिता र आवश्यकता।

६) तत्काल मर्मत सम्भार गर्नुपर्ने आवश्यकता।

**(२) आकस्मिक मर्मत सम्भारः**

(क) प्राकृतिक विपत्तिबाट सिर्जित आकस्मिक अवस्थामा लागत अनुमानको आधारमा देहाय बमोजिमको प्रक्रिया अनुसार मर्मत सम्भार गर्न सकिनेछ:

१. एक लाखसम्मको लागत अनुमान रहेको मर्मत सम्भार प्रमुख प्रशासकीय अधिकृतको स्वीकृतिमा हुनेछ।

२. एक लाख भन्दा बढी पाँच लाखसम्म लागत अनुमान रहेको मर्मत सम्भार गाउँपालिका अध्यक्षको स्वीकृतिमा हुनेछ।

३. सम्बन्धित शाखाले नियमित तथा आकस्मिक कामका लागि गरिएको मर्मत सम्भारको चौमासिक रुपमा प्रतिवेदन तयार गरी समिति समक्ष पेश गर्नेछ।

४. समितिले त्यस्तो प्रतिवेदन माथि आवश्यक छलफल गरी स्वीकृत बजेटको परिधि भित्र भएमा मर्मत सम्भारको स्वीकृति दिने

छ र थप बजेट आवश्यक भएमा कार्यपालिकामा स्वीकृतिका लागि पेश गर्नेछ ।

## परिच्छेद - ५
## विविध

**९. खरिद प्रक्रियाः** कोषबाट व्ययभार हुनेगरी सञ्चालन गरिने मर्मत सम्भारका लागि आवश्यक सामग्री तथा सेवा खरिद प्रचलित कानून बमोजिम हुनेछ ।

**१०. सुपरभाइजर खटाउन सक्नेः** कार्यालयबाट हुने सार्वजनिक सम्पत्ति एवम् पूर्वाधारको मर्मत सम्भार कामको प्राविधिक गुणस्तर सुनिश्चितता तथा अनुगमनका लागि सुपरभाइजर खटाउन सकिनेछ ।

**११. मर्मत सम्भार कामको सुपरिवेक्षणः** कार्यालयबाट गरिने मर्मत सम्भार कामको सुपरिवेक्षण सम्बन्धित शाखाले गर्नेछ । अन्य प्राविधिक कर्मचारीलाई खटाउनुपरेमा प्रमुख प्रशासकीय अधिकृतले खटाउनेछ ।

**१२. लेखापरीक्षणः** कोषको आन्तरिक लेखापरीक्षण आन्तरिक लेखा

परीक्षक अधिकृतबाट र अन्तिम लेखापरीक्षण महालेखा परीक्षकको कार्यालयबाट हुनेछ ।

**१३. बाधा अड्काउ फुकाउने:** यस कार्यविधि कार्यान्वयन वा यस कार्यविधि बमोजिम सञ्चालन हुने कार्यक्रमहरुको सम्बन्धमा कुनै दुविधा उत्पन्न भएमा वा समस्या परेमा कार्यपालिकाले बाधा अड्काउ फुकाउन सक्नेछ ।

**१४. संशोधन वा खारेजी:**

(१) मर्मत सम्भार कोष सञ्चालन कार्यविधि संशोधन वा खारेज गर्नु परेमा कार्यपालिकाबाट हुनेछ ।

(२) यो कार्यविधिमा उल्लेख गरिएका कुराहरुको हकमा यसै कार्यविधि अनुसार र उल्लेख नभएको हकमा प्रचलित ऐन नियम अनुसार हुनेछ ।

**प्रमाणीकरण मितिः २०८३/०३/११**

**आज्ञाले,**

**रोमनाथ न्यौपाने**

**प्रमुख प्रशासकीय**

**अधिकृत**

गैडहवा गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, विष्णुपुरा, रुपन्देहीमा मुद्रित ।